नेपाल पुनर्बीमा कम्पनी लि.

"जोखिम समुह अन्तर्गत दाबी क्षतिपुर्ती सम्बन्धी निर्देशिका, २०७२"

**१. दावीको सुचना :**

दावीको सूचना प्राप्त गर्ने र उक्त सूचनामा यथासंम्भव निम्न कुराहरु खुलाइएको हुनुपर्ने :

(क) दुर्घटनाको मिति, समय, स्थान एवं सोको कारण (Proximate Cause)।

(ख) क्षतिको विवरण र आर्थिक क्षतिको अनुमानित लागत रकम ।

(ग) बीमितको क्षतिको अनुमानित रकम ।

२. **सर्भेयर नियूक्ति** :

दफा १ बमोजिम सूचना प्राप्त भएपछि देहाय बमोजिम दावी प्रक्रिया अगाडि बढाउनु पर्नेछ ।

(क) बीमा समितिमा दर्ता भएका सर्भेयरलाई नियुक्ति दिई बीमितको हानी/नोक्सानीको मूल्यांकन गराउने ।

(ख) अनुमानित दावी रकम रु ५०,०००/- (पचास हजार) वा सो भन्दा घटि भएमा सम्बन्धित बीमकको तोकिएको अधिकारीले आफैले वा मातहतको कर्मचारीहरुबाट निरिक्षण गराई दावी भुक्तानी दिन सक्ने ।

(ग) सर्भेयर नियुक्ति गर्दा निम्न कुराहरुमा ध्यान दिनु पर्ने ।

(१) बीमा समितिबाट प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने ।

(२) बीमा समितिमा दर्ता भएको सर्भेयरहरुले सबै किसिमको हानी नोक्सानिको प्रकृति हेरी सम्बन्धित विषयको विशेष अनुभब हासिल गरेको सर्भेयरलाई नियुक्ति गर्ने ।

(३) कुनै एउटा घटनाबाट एकभन्दा बढी क्षतिपूर्तिको दाबी पर्न आएमा र यस्तो अवस्थामा एउटै सर्भेयर उपयुक्त छ भन्ने लागेमा उक्त नोक्सानीको सर्भे गर्न एउटै सर्भेयरलाई नियुक्ति गर्न सकिने ।

(४) आवश्यकता अनुसार संयुक्त सर्भेयर नियुक्त गर्न सकिने । संयुक्त सर्भेयरमा बिदेशी सर्भेयर पनि समावेस गर्न सकिने ।

तर बिदेसी सर्भेयरको सम्बन्धमा बीमा समितिको पूर्व स्वीकृति लिएर मात्र गर्नु पर्ने ।

**३. विशेषज्ञ तथा अनुसन्धानकर्ताको नियुक्ती :**

कुनै दावी सम्बन्धमा यथेष्ट प्रमाणहरुको अभाब भई शंकास्पद देखिन आएमा उक्त दावी फछ्र्यौट गर्नको लागि विशेषज्ञ तथा अनुसन्धानकर्ता ( Consultant , Investigator or Loss Adjuster) समेत नियुक्ती गर्न सकिने ।

**४. दावी प्रक्रिया :**

(१) दावी प्रक्रिया अगाडि बढाउदा आवश्यक सम्पुर्ण कागजात बिमितसंग सम्भव भएसम्म एकै पटक माग गर्ने । सामन्यतयाः दावी प्रक्रियामा निम्न कागजातहरु संकलन गर्ने :

(क) दावीको लिखित सुचना,

(ख) प्रस्ताव फारम र पुर्णरुपले भरिएको दावी फारम,

(ग) शर्त, सीमा तथा बन्देज र सम्पूष्टी सहितको बीमालेखको प्रतिलिपि,

(घ) देहायका व्यहोरा सहितको सर्भेयरको प्रतिवेदन :

(१) हानी - नोक्सानिको कारण खुल्ने कागजात,

(२) हानी - नोक्सानिको मूल्यांकन,

(३) बीमालेखले रक्षावरण गरेको जोखिम अन्तर्गत दावी भएको समर्थन ।

(४) अग्नी बीमा दाबीको लागि :

(क) घटना सम्बन्धमा सम्बन्धित निकाय वा प्रहरी प्रतिवेदन,

(ख) गार्ड/प्रत्यक्षदर्शीको बयान,

(ग) फोटो, सर्जमिन मुचुल्का,

(घ) आबश्यकता अनुसार अग्नी नियन्त्रकको प्रतिवेदन, र

(ङ) स्टक रजिष्टरको प्रमाणित प्रतिलिपि ।

(च) अन्य हानी नोक्सानी प्रमाणित गर्ने प्रमाणहरु,

(५) मोटर बीमाको लागि :

(क) सवारी दर्ता धनी प्रमाणपत्रको प्रतिलिपि,

(ख) सवारी चालक अनुमतिपत्रको प्रतिलिपि,

(ग) जांचपास, रुटप्रर्मिट, चलानको प्रतिलिपी,

(घ) घटनाको मुचुल्का तथा चारै तिरबाट खिचिएको (नम्बर प्लेट समेत देखिने गरी) फोटोहरु,

(ङ) कोटेशन तथा बील भरपाईहरु,

(च) घटना सम्बन्धमा सवारी चालकको बयान र,

(छ) चालक/खलासी/ यात्रुको मृत्यु सम्बन्धि प्रमाणित कागजातहरु ।

(६) ठेकेदार सम्पूर्ण जोखिम/ईन्जिनियरिङ्ग बीमाको लागि :

(क) बील तथा कोटेशनको प्रतिलिपि,

(ख) बीमितको परामर्शदाताको क्षतिबारेको प्रमाण तथा अनुसन्धानकर्ताको प्रतिवेदन,

(ग) कार्य सम्पादन बापत भुक्तानीको लागि पेश गरेको बिल भरपाईको प्रतिलिपि,

(घ) सम्बन्धित निकायबाट घटनाबारेको प्रमाणित पत्र,

(ङ) घटनास्थलको मुचुल्का तथा फोटोहरु ।

(७) व्यक्तिगत दुर्घटना बीमाको लागि :

(क) दुर्घटना विवरण, मुचुल्का,

(ख) प्रहरी प्रतिवेदन,

(ग) मृत्यु दर्ता प्रमाण पत्र,

(घ) नाता प्रमाणित कागजात र,

(ङ) पोष्ट मार्टम रिपोर्ट ।

(८) नगद बीमाको लागि :

(क) क्षति विवरण तथा मुचुल्का,

(ख) प्रहरी प्रतिवेदन तथा अनुसन्धान विवरण,

(ग) नगद वही खाताको प्रमाणित प्रतिलिपि,

(घ) नगद जिम्मा लिने व्यक्तिको बयान,

(ङ) दावी भुक्तानी प्रक्रिया अगाडी बढाउनको लागि आवश्यक पर्ने कागजातहरु समेत नष्ट भएको अबस्थामा सर्भेयरले बीमित, बीमितसंग सम्बन्धित बैंक, वित्तिय संस्था र आवश्यक परेमा बीमितसंग सम्बन्धित सप्लायर्स , ग्राहक,लेखा परीक्षक, कर, अन्तःशुल्क अधिकारी तथा सम्बन्धित अन्य पक्षसंग छलफल गरी वास्तविक र तर्कपुर्ण आधारमा दावी मुल्याकंन गर्नु पर्नेछ ।

(२) अन्तिम दावी मुल्यांकन हुन समय लाग्ने अवस्थामा अन्तरिम रुपमा आंशिक भुक्तानी समेत गर्न सकिने । यसको लागि निम्न कुराहरुमा ध्यान दिनु पर्नेछ :-

(क) बीमालेखमा उल्लेखित जोखिम समुह अर्न्तगत हानी/नोक्सानि भएको अबस्थामा,

(ख) दायित्व स्थापित भएमा, र

(ग) पर्नसक्ने न्यूनतम दायित्व निर्धारण गरिएको अवस्थामा ।

(३) दावी भुक्तानी गर्नु भन्दा पहिले बीमितले र स्वार्थ निहित रहेको बीमितसंग सम्बन्धित बैंक, वित्तिय संस्थाले बीमा कम्पनीलाई सम्पूर्ण दायित्वबाट फरफराक (Discharge) गर्नुपर्दछ ।

(४) कुनै हानि-नोक्सानी तेश्रो पक्षबाट पूनप्राप्ती (Recovery) हुने रहेछ भनेबीमितबाट प्रत्यासन Letter of Subrogatonलिएर मात्र दावी भुक्तानी गर्नु पर्दछ । आवश्यकता अनुसार कानूनी अधिकार (Power of Attorney) समेत लिने ।

**५.दाबी अस्वीकार :**

बीमकले बीमालेख अनुसार दावी नभएको वा बीमा दावी नलाग्ने भएमा बीमीतलाई सोको कारण खुलाई दावी अस्विकार गरेको लिखित जानकारी दिनु पर्ने छ । बिमालेखा तोकिएको हदम्याद नाघेको दावी अस्वीकार हुनेछ ।

**६. दावी पूनः कार्यान्वयन :**

कुनै कारणबश अस्वीकार भई तिर्नपर्ने दाबीको सुचिबाट हटाईएको दाबी पछिल्लो अवधिमा पूनः कार्यान्वयन (Re- Open) गर्न परेमा सोको सुचना नेपाल पुनर्बीमा कम्पनीको कार्यालयमा पेश गर्नु जानकारी गराउनु पर्नेछ ।

**७. अन्य कुराहरुः**

नेपाल पुनर्बीमा कम्पनीसंग सम्बन्धित दावीको सूचना सम्बन्धमा बीमकले पालना गर्नु पर्ने अन्य कुराहरुः

(क) क्षति रकम रु. २५,००,०००। (पच्चीस लाख) भन्दा माथीको दाबी फछ्यौट गर्दा सम्पूर्ण कागजात सहित कम्पनीको सचिवालयमा पठाई स्विकृत प्राप्त गरि भुक्तानी गर्ने ।

(ख) दावी फछ्यौट त्रैमासिक विवरणको साथै भुक्तानी गर्न बाँकी (Outstanding Losses)विवरण यसै साथ संलग्न देहाय वमोजिमको फारमको ढांचामा त्रैमासीक हिसाब विवरण साथ कम्पनीको सचिवालयमा पठाउनु पर्ने । कम्पनीले आवश्यक ठानेमा दावी सम्बन्धि कागजात माग गरि छानविन गर्न सक्नेछ ।

# अनुसूची १

## भुक्तानी गर्न बाँकी (Outstanding Losses) विवरण को फारम ढाँचा

**नेपाल पुनर्बीमा कम्पनी लि.**
**बत्तीसपुतली, काठमाडौं**

.........सम्मको बक्यौता दाबी विवरण

**पोर्टफोलियो: अग्नि/मोटर/ईन्जीनियरिङ्ग/विविध**

| बिमितको नाम | पोलिसी नं. | सेसन नं. | कुल बीमाङ्क रकम | दाबी नं. | दाबी रकम रु | बीमकको धारण | IST Surplus | ऐच्छिक पुनर्बीमा | क्षती भएको मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

# अनुसूची २

## त्रैमासमा भुक्तान गरिएको दाबी विवरण को फारम ढाँचा

नेपाल पुनर्बीमा कम्पनी लि.
बत्तीस पुतली काठमाडौं

.........त्रैमासमा भुक्तानी गरिएको दाबी विवरण

पोर्टफोलियोः अग्नि/मोटर/ईन्जीनियरिङ्ग/विविध

| बिमितको नाम | पोलिसी नं. | सेसन नं. | कुल बीमाङ्क रकम | दाबी नं. | दाबी रकम रु | बीमकको धारण | IST Surplus | ऐच्छिक पुनर्बीमा | क्षती भएको मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |